# नेपाल प्रहरी अस्पताल
# आवास सुबिधा प्रयोग तथा संचालन निर्देशिका
# २०७४

## नेपाल प्रहरी अस्पताल,
महाराजगजं

# नेपाल प्रहरी अस्पताल आवास सुबिधा प्रयोग तथा संचालन निर्देशिका २०७४

## पृष्ठभूमिः

नेपाल प्रहरी अस्पतालमा कार्यरत प्राबिधिक प्रहरी कर्मचारीहरु को कामको प्रकृती तथा अन्य अस्पतालको समेत प्राक्टिसलाई मध्यनजर गरी अस्पताल स्थापनार्थ पश्चात विभिन्न चरणमा निर्माण भएका आवास गृहहरु निश्चित समयवधी पछाडि थप निर्माण हुन सकेका छैनन्। फलस्वरुप जनशक्तिको वृद्दिको दाँजोमा आवास गृहहरु निर्माण नहुँदा आवास गृह प्रयोग गर्ने कर्मचारीहरुले सुविधा नछोड्ने तथा नयाँ र अत्यावश्यक काममा खटिएकाले उक्त सुविधावाट सदैव वञ्चित हुनुपर्ने र निजहरुलाई उक्त सुविधा प्रदान गर्न नितिगत रुपमा कुनै निति निर्देशिकाको प्रयोग नभएको कारण सवैलाई उक्त सुविधामा सहभागी गराउन सकिएको छैन। तसर्थ अस्पतालमा कार्यरत कर्मचारीहरुलाई निश्चित मापदण्डभित्र रही उक्त सुविधा समान रुपले प्रयोग गर्न पाउन भन्ने हेतुले यो निर्देशिका तयार गरिएको हो।

## प्रस्तावनाः

नेपाल प्रहरी अस्पतालमा कार्यरत प्राबिधिक प्रहरी कर्मचारीहरुलाई यस नेपाल प्रहरी अस्पतालमा हाल उपलब्ध रहेका आवास सुबिधाको प्रयोग , रेखदेख, सरसफाई तथा मर्मत संभार आदि कार्यहरुको ब्यबस्थापन गर्ने उद्देश्यले यो निर्देशिका जारी गरिएको छ । प्रहरी प्रधान कार्यालयवाट स्विकृती पश्चात तुरुन्त लागू हुने छ।

### १. उपलब्ध आवास क्षमता र बाँडफाँडः

**क) चिकित्सकहरुको आवास गृह**

यस अस्पतालमा चिकित्सकहरुको लागि १५ वटा आवास गृहहरुलाई निम्नानुसार छुट्याईएको छ ।

अ) जनरल मेडिसीन, जनरल सर्जरी, अर्थोपेडिक सर्जरी, गाईने, बाल, एनेश्थेसिया, रेडियोलोजी, नाक कान घाँटी, दाँत, आँखा, छाला र मानसिक बिभागहरुबाट आबश्यकता हेरी प्रत्येक बिभागबाट गरी १/ १ जनालाई आवास गृह उपलब्ध गराईने छ ।

आ) माथि **अ** मा जे सुकै कुरा लेखिएतापनि दुई भन्दा बढी युनिट भएका बिभागहरुको हकमा भने भविष्यमा थप आवास गृह उपलब्ध भएको खण्डमा प्रत्येक बिभाग अन्तर्गतको युनिटहरुलाई १/१ वटा आवास उपलब्ध गराईने छ ।

इ) माथि जे भनिएतापनि ५० प्रतिशत आवास बिशेषज्ञ चिकित्सक र ५० प्रतिशत आवास मेडिकल अधिकृतहरुको लागि उपलब्ध गराईने छ । जसअन्तर्गत पुराना (५ वर्ष अवधी पुरा भएका) र नयाँ चिकित्सकहरु (५ वर्ष अवधी पुरा नभएका)लाई क्रमशः ५०-५०% उपलब्ध गराइने छ।

ई) काठमाडौं उपत्यकामा घर नभएको प्रहरी कर्मचारीहरु प्राथमिकतामा पर्ने छन्।

**ख) नर्सिङ स्टाफको आवास गृह**

अ) नर्सिङ स्टाफहरुको लागि जम्मा १ ५ वटा आवास गृहहरु उपलब्ध रहेको र उक्त संख्याको आवास गृहहरु सिनीयर अधिकृतहरुको निमित्त २५ प्रतिशत र कामको प्रकृतीको आधारमा ( आई सि यू , अप्रेसन थियटर, डायलासिस आदि ) ७५ प्रतिशत नर्सिङ स्टाफहरुलाई उपलब्ध गराईने छ । जसअन्तर्गत पुराना (५ वर्ष अवधी पुरा भएका) र नयाँ (५ वर्ष अवधी पुरा नभएका) स्टाफहरुलाई क्रमशः ५०-५०% उपलब्ध गराइने छ। तर यस अघिनै आवास गृह प्राप्त गरिसकेका नर्सिङ स्टाफहरुले पुनः सो सुविधा पाउने छैनन र निजहरुको सट्टामा अन्य स्थान र समुहमा काम गर्ने नर्सिङ स्टाफले प्रयोग गर्न पाउने छन्।

आ) काठमाडौ उपत्यकामा घर नभएका नर्सिङ कर्मचारीहरु आवास गृहको प्राथमिकतामा रहने छन् ।

**ग) प्राबिधिक कर्मचारी आवास गृह** (टेक्नेसियन/ टेक्नोलोजिस्ट)

प्राबिधिक कर्मचारी (टेक्नोलोजीस्ट/टेक्निसियन)हरुको लागि ४ वटा आवास गृहहरु उपलब्ध रहेको र उक्त संख्याको आवास गृहहरु क्राईटेरिया भित्र पर्ने कर्मचारीहरुलाई उपलब्ध गराईने छ ।

**घ) प्रशासन तर्फको आवास गृह**

१ वटा आवास गृह यस नेपाल प्रहरी अस्पतालमा प्रशासन तर्फ कार्यरत १ जना प्रहरी कर्मचारीको लागि उपलब्ध गराईने छ ।

## २. सुबिधा प्राप्त गर्ने प्रकृया र अबधिः

क) आवास सुबिधा लिन चाहने प्रहरी कर्मचारीहरुले कार्यरत रहेको बिभागीय प्रमुखको सिफारीस सहितको आबेदन यस अस्पताल कल्याण शाखामा पेश गर्नु पर्ने छ ।

ख) प्राप्त निबेदनहरु मध्ये क्राइटेरिया भित्र पर्ने कर्मचारीहरु मध्येबाट कल्याण कोष संचालक समितीको सिफारिसमा मेडिकल डाइरेक्टरबाट उपलब्ध गराइने छ ।

ग) आवास सुबिधा प्राप्त गर्ने प्रहरी कर्मचारीहरुले यो सुबिधा शुरुमा ५ (पाँच) बर्षको लागि उपलब्ध गराईने छ । आबश्यकता र प्राथमिकताको आधारमा बढीमा २ (दुई) बर्ष थप गर्न सकिने छ। र प्रत्येक बर्ष नबिकरण गर्नु पर्ने छ तर अनुशासनहिन कार्य भए गरेको ठहर भएमा जुन सुकै बेला हटाउन सकिने छ ।

## ३. सुबिधाको आबेदनको लागि आबश्यक मापदण्डः

क) काठमाडौ उपत्यका भित्र स्थाई घर भएका , र एक पटक आवास सुबिधा लिई सकेका प्रहरी कर्मचारीहरुलाई सामान्यतया आवास सुबिधा उपलब्ध गराईने छैन ।

ख) १ बर्ष भित्र कुनै बिभागीय कारवाही नभएको हुनु पर्ने छ ।

ग) बिशेष परीस्थिती, दक्षता र सीप भएका बिशेष प्रकृतीको चिकित्सक / प्राबिधिकलाई आवास सुबिधा माग भएमा अस्पताल ब्यबस्थापन समितिले अस्पतालको लागि अति आबश्यक भनी सिफारिस गरेमा आवास सुबिधा उपलब्ध गराउन सकिने छ ।

घ) एक बर्ष भन्दा बढी समयको लागि बिदेश वा विदेशमा अध्ययनको लागि खटिएको अबधिमा कुनै पनि कर्मचारीको लागि आवास सुबिधा उपलब्ध हुने छैन तर आवास सुबिधा उपभोग गरि रहेका कर्मचारीहरुको हकमा भने यो नियम लागू हुने छैन ।

ङ) यु.एन. मिसन वा १ बर्ष भन्दा बढी अध्ययन बिदा गई फर्केकाको हकमा फिर्ता भएको मितिले २ बर्ष पूरा भएको हुनुपर्ने छ

## ४. आवास सुबिधा लिए बापत बहन गनु पर्ने दायित्वहरु

क) आवास सुबिधा उपभोग गरे बापत आवास भवनहरुको मर्मत संभार प्रयोजनको लागी शुरु तलब स्केलको सि.प्र.अ ले १० % र जुनियर प्रहरीहरुले ८ % रकमका दरले प्रत्येक महिना कल्याण शाखामा बुझाउनु पर्ने छ ।

ख) खानेपानी, बिजुलीको शुल्क खानेपानी संस्थान र नेपाल विध्धुत प्राधिकरणको दररेट अनुसार हुनेछ।

ग) फोहरमैलाको ब्यबस्थापन रकमः समितीले निर्णय अनुसारको रकम नेपाल प्रहरी अस्पताल कल्याण कोषमा बुझाउनुपर्ने छ ।

घ) आफुलाई उपलब्ध गराईएको आवास सुबिधा अन्य प्रहरी कर्मचारीलाई आफुखुशी हस्तान्तरण गर्न पाईने छैन ।

ङ) आवास उपभोग गर्ने कन्सल्टेन्टको हकमा **On Call Duty**, रजिष्टारहरुको हकमा **2nd Call Duty** र अन्यको हकमा आपतकालीन, स्टेडवाई तथा बन्द हडताल आदिमा थप ड्युटी गनु पर्ने छ ।उक्त अवस्थामा कार्यलयले ड्युटीमा सुचना दिदा अनुपस्थित भएमा नियमानुसार विभागिय कार्वाही हुने छ।

च) ब्यक्तिगत प्रयोजनको लागी प्रयोग गरिएको बिद्युत तथा सम्पुर्ण महशुल आवास उपभोग कर्ता स्वयंले ब्यहोर्नु पर्ने छ ।

छ) लागत स्टिमेट अनुसार बार्षिक रू १०००।०० (एक हजार मात्र) सम्मको मर्मत संभार आवास उपभोगकर्ता स्वयंले गर्नुपर्ने छ ।

ज) आवास गृहको स्वरुप आफु खूशी परिबर्तन गर्न पाईने छैन र आफूलाई उपलब्ध गराएको आवासमा परिवार (आमा/बुबा/छोरा/छोरी/श्रीमान/श्रीमती तथा सहयोगीको रुपमा कानुन अनुसार

रीत पुगेको ब्यक्ती-१ जना )वाहेक अरु बस्न पाउने छैनन्।सो अनुसार नभएमा नियमानुसार विभागिय कार्वाही हुनेछ।

झ) आवास गृह प्रयोग कर्ताहरुले कुनै पनि घरपालुवा जनावरहरु पल्न पाईने छैन र विशेष परिस्थीती वाहेक वेलुका १०.०० बजे देखि विहान ५.०० वजेसम्म अनुतिवेगर आवतजावत गर्न पाइने छैन्।

ञ) आवास गृह वरपरको जग्गा निजी प्रयोजन वा खेतीपातीका लागि उपभोग गर्न पाईने छैन तर अनुमति लिई सामान्य फुलबारी बनाउन सकिने छ ।

ट) आवास गृह ब्यबस्थापनको निमित्त आवास सुबिधा उपभोग गरिरहेका बरिष्ठ चिकित्सक मध्ये १ जनालाई चिकित्सक आवास गृहहरुको वार्डेन **(Warden)** को जिम्मेवारी दिईने छ ।

ठ) आवास गृह ब्यबस्थापनको निमित्त आवास सुबिधा उपभोग गरिरहेका नर्सिङ स्टाफ मध्ये १ जनालाई नर्सिङ आवास गृहहरुको वार्डेन **(Warden)** को जिम्मेवारी दिईने छ ।

## ५. संशोधनः

अस्पताल ब्यबस्थापन समितिको बैंठकको बहुमतले पारित भएमा यस निर्देशिकाको कुनै पनि बुदाहरु संशोधन गर्न सकिने छ तर सो संशोधन प्रहरी प्रधान कार्यालयबाट स्यिकृत हुनु पर्ने छ।

## ६. निर्देशिका लागू गर्नेः

प्रहरी प्रधान कार्यालयबाट स्विकृत भए पश्चात हाल आवास गृह उपभोग गरिरहेका चिकित्सक तथा अन्य प्राबिधिकहरुको हकमा समेत यसै निर्देशिका बमोजिम को प्राबधानहरु लागू हुने छ ।